# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)

# Securities Board of Nepal
(Established by the Government of Nepal under Securities Act)


## प्रेस विज्ञप्ती

### लगानीकर्ताहरुलाई सर्तकता अपनाई लगानी गर्ने सम्बन्धमा

हालसाल विभिन्न संचार माध्यम, अनलाइन पोर्टल तथा फेसबुक र टिवटर जस्ता सामाजिक संजालहरुमा धितोपत्र बजारको परिसूचक तथा सूचिकृत कम्पनीहरुको शेयरको मूल्यका सम्बन्धमा अनाधिकृत रुपमा विभिन्न खालका अड्कल तथा अनुमान गरी समाचार तथा विचारहरु प्रकाशित हुने गरेको देखिन्छ । कतिपय लगानीकर्ताहरुले यस्ता समाचार तथा विचारहरुको आधारमा लगानी गर्ने गरेको सुनिएको सम्बन्धमा बोर्डको ध्यानाकर्षण भएको छ। धितोपत्रको मूल्य सम्बन्धित कम्पनीको कार्य सम्पादन स्थिति, संवेदनशील सूचनाहरु जस्तै लाभांश घोषणा, हकप्रद सेयरको घोषणा, व्यवस्थापनमा परिवर्तन र भावी योजनाहरुका साथै देशको समग्र आर्थिक अवस्था तथा लगानीकर्ताहरुको बजार प्रतिको विश्वास आदिले समेत प्रभाव पार्ने गर्दछ । हाल देशको आर्थिक परिसूचकहरु तथा अधिकाशं सूचिकृत कम्पनीहरुको अवस्था सन्तोषजनक देखिन्छ तथापि विभिन्न संचार माध्यम तथा सामाजिक संजालहरुमा गरिएको अडकल तथा अनुमान अनुरुप शेयरको मूल्य तथा नेप्से परिसूचकको अवस्था नरहन सक्दछ ।

अत: वजारमा चलेको/चलाइएको हल्ला र आधारहीन अनुमानको पछाडि नलागि धितोपत्र बजारमा लगानी गर्दा देशको विद्यमान आर्थिक परिदृष्य, सूचिकृत संगठित संस्थाहरुको आधारभूत विश्लेषण लगायत लगानीकर्ता स्वयंको जोखिम बहन गर्न सक्ने क्षमता आदिलाई दृष्टिगत गरी सत्य तथ्य बुझी धितोपत्रमा लगानी गर्न लगानीकर्ताहरुलाई बोर्ड अनुरोध गर्दछ ।

प्रवक्ता

मिति:२०७३।१२।३०


*Post Box No. 9031, Jawalakhel, Lalitpur, Nepal*
*Phone : 00977-1-5000107, 5000162, 5000201, 5000102, 5541057, Toll Free No.: 1660-01-44433*
*Fax No.: 5541058, E-mail : support@sebon.gov.np, Website : www.sebon.gov.np*